हेमजा-पोखरा-कावासोती
माइक्रोबस सेवा
सम्पर्क : ९८४६०६४६२७, ९८०६७४९३०७
हेमजाबाट बिहान ५:०० बजे
पृथ्वीचोकबाट बिहान ५:५० बजे
कावासोतीबाट बिहान ११:३० बजे
पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रा.लि.
प्रधान कार्यालय, पोखरा
०६१-५८३४४६/५७०२६५

समुन्नतिका लागि स्वतन्त्र पत्रकारिता
राष्ट्रिय दैनिक
# आदर्श समाज
eadarsha.com.np

पोखरा-काठमाडौं-पोखरा
New Royal Pokhara
Air Suspension with
2x1 VIP Sofa Seats/Free WiFi/Water
सम्पर्क
पोखरा : ९८५६०१६६०६, ९८५६०२०६६६
काठमाडौं : ९८५६००४२५५, ९८५६०००८५६
पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रा.लि.
प्रधान कार्यालय, पोखरा
०६१-५८३४४६/५७०२६५
पोखराबाट बिहान ९:०० बजे
काठमाडौंबाट बिहान ८:४० बजे



# कारागारबाट भागेर शृङ्लाबद्ध चोरी



**आदर्श समाज**
पोखरा, २२ मसिर

जेनजी आन्दोलनका क्रममा कास्की कारागारबाट फरार एकजना कैदीबन्दी पोखरामा केही दिनयताका शृङ्लाबद्ध चोरीमा संलग्न भएको खुलेको छ। कारागारबाट छुटेयता पोखरामा एकपछि अर्को चोरीमा संलग्न रहेको अभियोगमा जिल्ला प्रहरी कार्यालय कास्कीले उनीसहित २ जनालाई पक्राउ गर्न सफल भएको हो।

प्यूठान घर भई हाल पोखरा ३, नदीपुर बस्दै आएका २४ वर्षीय सुमित थापा मगर यस्ता व्यक्ति हुन्, जो विभिन्न मुद्दामा आठ पटकसम्म पक्राउ परेका थिए। पछिल्लो समय उनी कैद भुक्तानका लागि कास्की कारागारमा थिए। तर, जेनजी आन्दोलनका क्रममा गत २४ भदौमा अरु कैदीबन्दीसँगै उनी पनि भाग्न सफल भएका थिए।

प्रहरी निरीक्षक रेशम पौडेलका अनुसार पोखरामा एकपछि अर्को चोरीका घटना बढ्न थालेपछि कार्यालयमा उजुरी परेको थियो। वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरी टोलीले उनीसहित धादिङ घर भई हाल पोखरा-३, नदीपुर बस्ने २७ वर्षीय सुजन परियारलाई रामघाटबाट पक्राउ गर्न सफल भएको हो। अनुसन्धानका क्रममा उनीहरुमध्ये सुमित यसअघि अभद्र व्यवहार, चोरी उद्योग, चोरी र केही सार्वजनिक अपराधसमेत गरी आठ पटकसम्म पक्राउ परेको खुलेको छ। त्यस्तै, अर्का सुजन पनि अभद्र व्यवहार मुद्दामा पक्राउ परेका थिए।

दुबै प्रतिवादीलाई चोरी तथा डाँकासम्बन्धी कसूरमा कास्की जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान पक्राउ जारी रहेको निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक गणेश पाण्डेले जानकारी दिए। मुलुकी अपराध संहिता, २०७४ अनुसार चोरी तथा डाँकासम्बन्धी कसूरमा ३ देखि १० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ।

प्रहरी अनुसन्धानमा उनीहरु करिब डेढ महिनामा फरक-फरक चार ठाउँबाट नगद तथा जिन्सी चोरी गरेको खुलेको छ। तीमध्ये सुमित चाहिँ सबै घटनामा संलग्न छन्।

> **कास्की कारागारबाट भागेका कैदीबन्दीमध्ये अझै १८० फरार**

प्रहरीले तयार पारेको विवरणअनुसार २७ असोजमा पोखरा-१३, विपीमार्गस्थित पोखरा लक्ष्मी ट्रेडर्सभित्र काउन्टर टेबलको घर्रा फोडी ४१ हजार नगद चोरीमा सुमित संलग्न थिए। उनले राष्ट्रिय परिचयपत्र, सवारीचालक अनुमतिपत्र, बिल बुक, नागरिकतासहितको ब्याग चोरी गरेको खुलेको छ।

यसैगरी, ४ मंसिरमा पोखरा-४, आदर्श मार्ग सडक किनारमा पार्किङमा रहेको ग१४प १०२० नम्बरको होण्डा कम्पनीको पहेंलो कालो रङको डियो स्कुटरमा भने दुबै जना संलग्न रहेको पाइएको छ।

६ मंसिरमा पोखरा-१७, ड्यामसाइडस्थित आरुस स्टोर्स प्रालिको ढोका फोडेर २ लाख ७३ हजार चोरी भएको थियो। उक्त चोरीमा पनि उनै सुमित संलग्न रहेको प्रहरी निरीक्षक गणेश पाण्डेले जानकारी दिए।

यसैगरी, १० मंसिमा पोखरा न्यूरोडस्थित एसबी वाइन सप अगाडि पार्किङमा रहेको ग१क २५९८ नम्बरको गाडीको लाइसेन्स, बिलबुक, एटिएम कार्ड, विभिन्न चेक र नगद ३५ हजार चोरीमा पनि दुबैजना संलग्न थिए।

जेनजी आन्दोलनका कास्की कारागारबाट ७ सय ७३ जना कैदीबन्दी फरार भएका थिए। तीमध्ये अधिकांश फर्किए पनि अझै १ सय ८० जना फरार सूचीमा रहेको कारागार प्रमुख राजेन्द्र शर्माले जानकारी दिए। फरार हुनेहरुमध्ये जबर्जस्ती करणी, लागु औषधसमेतका गम्भीर प्रकृतिका कसूरमा जेल सजाय भोगिरहेकाहरु बढी रहेको शर्माले बताए।

# गुन्द्री बुन्दै विद्यार्थी



**प्रकाशचन्द्र सापकोटा**
पोखरा, २५ मंसिर

पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा यतिखेर विद्यार्थीले गुन्द्री बुनिरहेका छन्। कतै दुनाटपरी तयार पार्दैछन्। त्यतिमात्र कहाँ हो र, तान लगाएर गुन्द्री बुन्ने, चोयाँ काटेर डोको बुन्ने काम पनि स्वयम् विद्यार्थीले गरेका छन्।

ड्रेस लगाएर नियमितजसो कक्षाकोठामा पढिरहेको भेटिने विद्यार्थी यसरी परम्परागत सिप सिकाइमा ध्यानमग्न हुँदा अवलोकन गर्न आएका दर्शक पनि दंग पर्ने गरेका छन्। विद्यार्थीका प्रतिभा हेर्न विद्यार्थी, अभिभावक तथा सर्वसाधारण दर्शकले पनि उनीहरुको कला देखेर खुलेरै प्रशंसा गरेको पाइन्छ।

महोत्सवस्थल लोकनृत्य, गायन, कविताावाचन भइरहेको छ भने कतै विज्ञान तथा प्रविधि त कतै अभिनयले रौनकता छाएको छ। आधुनिकताका नाममा परम्परागत गुन्द्री बुन्ने, दुनाटपरी बनाउने चलन हराउँदै गएको अवस्थामा विद्यार्थीलाई व्यावहारिक ज्ञान, सीप सिकाउने उद्देश्य उक्त कार्यक्रम गरिएको एनप्याब्सनले जनाएको छ। विद्यार्थीका लागि पनि महोत्सव सिकाइको थलो बनेको छ।

नेसनल प्याब्सन कास्की आयोजनामा बुधबारदेखि सुरु दोस्रो बृहत् बालप्रतिभा पहिचान महोत्सव-२०८२ अन्तर्गत विद्यार्थीले प्रतियोगितात्मक रुपमा उक्त कला प्रस्तुत गरेका हुन्। शुक्रबारसम्म चल्ने महोत्सवमा एनप्याब्सन कास्कीमा आवद्ध ४३ विद्यालयका करिब १५ सय जना विद्यार्थीले भाग लिएको प्याब्सन कास्की अध्यक्ष हेमन्त अधिकारीले बताए। विद्यार्थीका निम्ति सामूहिक लोकनृत्य, एकल गायन, चित्रकला, कविता वाचन, अभिनय, विज्ञान तथा प्रविधि, हस्तकलाअन्तर्गत पात, पराल र चोयाँबाट निर्मित सामग्री र अंग्रेजी वक्तृत्वकलालगायतका कार्यक्रम भइरहेका छन्। वक्तृत्वकलामा कक्षा ९ देखि १२ सम्मका विद्यार्थी र अन्य प्रतियोगितामा कक्षा १ देखि १० सम्मका विद्यार्थीले सहभागिता जनाएका छन्।

'कक्षाकोठाभित्र पढाइने सैद्धान्तिक ज्ञानले मात्रै विद्यार्थीमा सिकाइ पूर्ण हुन नसक्ने यथार्थ आत्मसात् गर्दै व्यावहारिक ज्ञान, सीप सिकाउने उद्देश्यका साथ परम्परागतरूपमा चलनचल्तीका सीप सिकाउन पनि महोत्सवको रुपमा आयोजना गरेको एन प्याब्सन कास्की अध्यक्ष अधिकारीले जानकारी दिए। 'नियमित प्रयोग गर्दै आएका बस्तुका लागि बजारका प्लाष्टिकजन्य सामग्रीमा निर्भर रहनुपर्ने बाध्यता छ,' उनले भने, 'अन्यत्र आश्रित नभई घरमा आफैँले तयार पारेर प्रयोग गर्न मिल्ने सामग्री अतिउपयोगी हुने सिप सिक्ने वातावरण महोत्सवले दिलाएको छ।' नयाँ पुस्तामा परम्परागत सीप हस्तान्तरण नहुँदा अचेल गुन्द्री, डोका, दुनाटपरी बुन्नेजस्ता कार्य हराउँदै गएको छ।

एन प्याब्सन कास्कीले दोस्रो बृहत् बालप्रतिभा पहिचान महोत्सव तथा खेलकुद प्रतियोगिता-२०८२ अन्तर्गत यसअघि पोखरा रंगशालामा क्रिकेट प्रतियोगिता गरिसकेको छ। जसको उपाधि कास्की मोडर्नाइज्ड एकेडेमीले उपाधि रक्षा गरेको छ।

शुक्रबार सामूहिक लोकनृत्य र पुरस्कार वितरण कार्यक्रम रहेको सचिव प्रेमराज अधिकारीले जानकारी दिए। विभिन्न विधामा विजयी विद्यालय तथा विद्यार्थीलाई पुरस्कारस्वरुप ट्रफी मेडल प्रदान गरिने जनाइएको छ।

# लुम्बिनी र सुदूरबीच फाइनल भिडन्त

**पोखरा, २५ मंसिर (आदर्श समाज)-** नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो संस्करणको उपाधिका लागि लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सबीच प्रतिस्पर्धा हुने भएको छ। फाइनल शनिबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुनेछ।

बिहीबार दोस्रो क्वालिफायरमा विराटनगर किङ्सलाई ४० रनले पराजित गर्दै लुम्बिनी लायन्सले उपाधि भिडन्त पक्का गरेको हो।

टस हारेर पहिला ब्याटिङको निम्तो पाएको लुम्बिनी लायन्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १३४ रन बनाएको थियो। जितका लागि १३५ रनको लक्ष्य पछ्याएको विराटनगरले १७ दशमलव ४ ओभरमा सबै विकेट गुमाउँदै ९४ रनमा समेटिन पुगेको हो।

विराटनगरका लागि साम हेजल्टले सर्वाधिक ३४ रन बनाए। यस्तै नरेन भट्टले २१ रन बनाए। बलिङतर्फ लुम्बिनीका लागि तिलक भण्डारीले तीन, रूबेन ट्रम्पलम्यान, अभिषेश गौतम र जेजे स्मिथले समान २-२ विकेट लिन सफल भए।

त्यसअघि, ब्याटिङ गर्ने क्रममा लुम्बिनीका लागि डार्शी शर्टले सर्वाधिक ४५ रनको योगदान दिए। उनले ४१ बल खेल्दै तीन चौका र एक छक्का प्रहार गरेका हुन्। कप्तान रोहितकुमार पौडेलले ३० बलमा दुई चौका र दुई छक्काको मद्दतमा ३४ रन बनाए। निशोसन डिक्वेलाले २२ बलमा चार चौका प्रहार गर्दै २९ रन जोडे। रुबेल ट्रम्पलम्यानले अविजित ११ रन बनाए। विराटनगरका सुवास भण्डारी र प्रशित जिसिले समान ३-३ तथा कप्तान सन्दीप लामिछानेले २ विकेट लिए।

# आर्यभञ्ज्याङमा अनुगमन



**आदर्श समाज**
पाल्पा, २५ मंसिर

बगनासकाली गाउँपालिका ३, आर्यभञ्ज्याङ बजारमा संयुक्त अनुगमन गरिएको छ। बगनासकाली गाउँपालिका, घरेलु तथा साना उद्योग कार्यालय र जिल्ला प्रशासन कार्यालयको आयोजनामा बुधबार बजार क्षेत्रका ५४ पसलमा अनुगमन गरिएको गाउँपालिकाका प्रशासकीय अधिकृत भरतराज घिमिरले जानकारी दिए। अनुगमनका क्रममा म्याद सकिएका खाद्य वस्तु तथा खुला तथा अव्यवस्थित रूपमा बिक्री भैरहेका सामग्री, दर्ता नवीकरण नभएका व्यवसायसमेत भेटिएको घरेलु तथा साना उद्योग कार्यालय, पाल्पाका कार्यालय प्रमुख केशव सुनारले बताए। सो अवसरमा ३ हजार मूल्य बराबरका चिसो पेय पदार्थ, बिस्कुट, चाउचाउ, वेवी पाउडर लगायतका म्याद सकिएका सामग्री तत्कालै बरामद गरी नष्ट गरिएको थियो।

'अनुगमनका क्रममा बजार क्षेत्रमा पान नम्बर लिएका, तर स्थानीय तह तथा घरेलु कार्यालयमा दर्ता, नवीकरण नभएका व्यवसायी भेटियो', सुनारले भने, 'बजार क्षेत्रमा धेरैजसो पसलले स्थायी लेखा नम्बर लिने तर सम्बन्धित निकायमा दर्ता नहुनुको कारणको सूक्ष्म अध्ययन गर्नु जरुरी छ।' उनले बजार क्षेत्र स्वच्छ, सुरक्षित र व्यवस्थित राख्न आगामी दिनमा थप सरोकारवाला निकायको सहभागितासहित नियमित अनुगमनलाई निरन्तरता दिइने बताए।

प्रशासकीय अधिकृत घिमिरेका अनुसार अनुगमन टोलीले व्यापारीलाई खाद्य र अखाद्य बस्तुलाई सँगै नराख्न, दर्ता नवीकरण समयमै गर्न, पसलहरूको बोर्ड र मूल्य सूची राख्न, म्याद सकिएका तथा अनुचित तरिकाले भण्डारण गरिएका सामग्री नराख्ने चेतावनीसमेत दिएको छ।

किराना, होटल, रेष्टुरेण्ट, कस्मेटिक लगायतका स्थानीय व्यवसायीले बजार क्षेत्रमा गरिएको अनुगमनले स्थानीय व्यवसायी र उपभोक्तामा सुरक्षा र भरोसा वृद्धि गरेको बताएको गाउँपालिकाका एमआईएस अपरेटर भोजराज भट्टराईले जानकारी दिए।

अनुगमनमा घरेलु तथा साना उद्योग कार्यालय प्रमुख केशव सुनार, गाउँपालिकाका प्रशासकीय अधिकृत भरतराज घिमिरे, घरेलु कार्यालयका उद्यम विकास सहजकर्ता मनोज घिमिरे, जिल्ला प्रशासन कार्यालयका नासु सुकुनराज अर्याल, सुरक्षा निकायका प्रतिनिधि तथा कर्मचारीको सहभागिता थियो।

# जनप्रियको ३४ औं वार्षिकोत्सव, चुनाव आज



**आदर्श समाज**
पोखरा, २५ मंसिर

जनप्रिय बहुमुखी क्याम्पसको ३४औं वार्षिकोत्सव बिहीबार सम्पन्न भएको छ।

प्रमुख अतिथि विश्वविद्यालय अनुदान आयोगका नवनियुक्त सदस्यसचिव प्राडा ज्ञानबहादुर थापाले मुलुकको शैक्षिक जगतमा सामुदायिक क्याम्पसहरूको भूमिका अतुलनीय रहेको बताए। शिक्षालाई व्यावहारिक ज्ञान र उत्पादनसँग जोड्नुपर्ने धारणा राख्दै उनले भने, 'पढाइ भनेको माहुरीले मह बनाएजस्तै एउटा कला हो। मान्छेले मह चोर्न सक्ला, तर माहुरीको कला चोर्न सक्दैन। तसर्थ, पढाइलाई आचरण, संस्कार र संस्कृतिसँग जोड्नुपर्छ।'

थापाले पछिल्लो समय विद्यार्थी विदेशिने क्रम बढेको सन्दर्भमा 'विदेश पढ्न जाने तर पढेर स्वदेश नै फर्कने' संस्कार र चिन्तनको विकास गर्नुपर्नेमा जोड दिए। उनले पढाइको महत्वलाई पैसासँग मात्र तुलना नगर्न आग्रह गर्दै विद्यार्थी, शिक्षक र प्रशासनको संयुक्त क्रियाशीलताले मात्र शैक्षिक संस्था बलियो हुने विचार व्यक्त गरे।

क्याम्पस सञ्चालक समिति अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले विद्यार्थी भर्नादरमा केही कमी आए पनि क्याम्पसले शैक्षिक गुणस्तरमा कुनै सम्झौता नगरेको प्रस्ट पारे। उनले सामुदायिक क्याम्पस सञ्चालनमा अनेकौं चुनौती भए पनि आफ्नै खुट्टामा उभिएर जनप्रियलाई 'मानीत विश्वविद्यालय' बनाउने सपना पूरा हुने बताए।

क्याम्पस प्रमुख कृष्णबाबु बरालले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै क्याम्पसले स्वायत्त कार्यक्रमअन्तर्गत नेपालमै पहिलोपटक स्नातक तहमा 'पर्वतीय पर्यटन व्यवस्थापन' र 'एमबीए इन हस्पिटालिटी म्यानेजमेन्ट' सहित १३ वटा शैक्षिक कार्यक्रम सञ्चालन भइरहेको बताए। शैक्षिक गुणस्तर कायम राख्न अनुसन्धान र प्रकाशनलाई प्राथमिकतामा राखिएको उनको भनाइ थियो।


क्याम्पसको ३३ वर्षे इतिहासमा पहिलोपटक 'क्याम्पस गीत' तयार पारिएको छ। गीत तयार पार्ने संस्कृतिकर्मी, कवि तथा गीतकार तीर्थ श्रेष्ठ र गायक एवं संगीतकार कर्ण दासलाई सो अवसरमा सम्मान गरियो।

त्यस्तै, उत्कृष्ट कार्यसम्पादन गर्ने उपप्राध्यापक गोपालप्रसाद बराल र कर्मचारी कल्पना गुरुङलाई नगद, कदरपत्र र दोसल्ला ओढाएर सम्मान गरियो। संस्थापक क्याम्पस प्रमुख गणेशमान पालिखेको स्मृतिमा स्थापित पुरस्कारबाट कर्मचारी गीता काफ्ले, पूर्व विद्यार्थी एवं संस्थापक स्ववियु सदस्य अमृत क्षत्रीलाई सम्मान गरियो।

क्याम्पसका तहगत रुपमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई विभिन्न अक्षयकोषबाट छात्रवृत्ति वितरण गरियो। साथै, पोखरा उपत्यकास्तरीय अन्तरसामुदायिक क्याम्पस 'विष्णुप्रसाद बराल स्मृति कप' छात्र भलिबलका विजयी खेलाडी तथा वार्षिकोत्सव सप्ताहअन्तर्गत सञ्चालित भलिबल, ब्याडमिन्टन, बास्केटबल, हाजिरीजवाफ, वक्तृत्वकला लगायतका प्रतियोगिताका विजेता

बाँकी पृष्ठ ४

## बराल र पहारी प्रतिस्पर्धामा


विष्णुप्रसाद बराल


राजेन्द्र पहारी

*क्याम्पस सञ्चालक समितिको आगामी नेतृत्वका लागि २ जनाको उम्मेदवारी परेको छ। क्याम्पसको २७ औं वार्षिक साधारणसभा तथा दशौं अधिवेशन अवसरमा अध्यक्ष पदमा विष्णुप्रसाद बराल र राजेन्द्र पहारीले उम्मेदवारी दिएका हुन्। बराल मानवअधिकार तथा पहारी निर्माण व्यवसायमा चर्चित नाम हो।*

*तीनवर्षे कार्यकालका लागि २५ सदस्यीय कार्यसमिति रहने व्यवस्था रहेको क्याम्पस प्रशासक एवं निर्वाचन समिति सदस्य अधिवक्ता एकनारायण अर्यालले जानकारी दिए।*

*शुक्रबार हुने निर्वाचनमा एक अध्यक्षसहित बाँकी ११ जना सदस्य निर्वाचित हुने छन्। बाँकी सदस्य मनोनीत हुने प्रावधान छ।*

*सदस्यमा १४ जनाको उम्मेदवारी कायम छ। शुक्रबार बिहान ८ बजेसम्म मनोनयन फिर्ताको समय तोकिएको छ। सर्वसम्मत् हुन नसके सदस्यमा समेत मतदान हुनेछ। मतदान समय बिहान १० देखि क्याम्पस परिसरमै मतदान तोकिएको छ।*

# आदर्शवाणी

आत्मविश्वास नै उन्नतिको प्रथम सिँढी हो।

- विवेकानन्द

## सम्पादकीय

# विश्वविद्यालयलाई राजनीतिबाट टाढा राख्ने प्रयास

विश्वविद्यालयमा राजनीति भयो र अति राजनीतिले विश्वविद्यालय बिगाऱ्यो भन्ने चर्चा र चिन्ता भइरहेको बेला प्रधानमन्त्री सुशीला कार्कीले विश्वविद्यालयमा कुलपति प्रधानमन्त्री हुने प्रणाली हटाउने बताएकी छिन् । उनले उक्त कुरा बुधबार काठमाडौं विश्वविद्यालय (केयु) को ३१ औं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै बनाएकी हुन् । उनले त्यस सम्बन्धमा सरोकारवालासँग आवश्यक परामर्श र गृहकार्य भइरहेको पनि बताइन् । विश्वविद्यालयलाई राजनीतिबाट टाढा राख्न सकियो भने विश्वविद्यालयको आधाजति समस्या त्यसै समाधान हुनेछन् । हुन त यसअघि पनि कतिपयले प्रधानमन्त्री स्वत: कुलपति हुने प्रावधान हटाउनुपर्ने कुरा त भन्थे, तर आफू सत्तामा पुगेपछि त्यो कुरा बिर्सन्थे । अहिले प्रधानमन्त्री कार्कीले दीक्षान्त समारोहमा नै गएर त्यो कुरा भनिरहेकीले त्यसले ठूलो भरोसा उत्पन्न गरेको छ । तर यसलाई ढिलो गर्न हुँदैन ।

तर त्यो काम गर्न त्यति सजिलो भने छैन । त्यसमा राजनीतिक पार्टीहरुको स्वार्थ जोडिएको छ । नेतादेखि विद्यार्थीहरुको समेत स्वार्थ जोडिएको छ । तिनीहरुले त्यहाँ रजगज गरिरहेको बेला त्यो खोस्नु भन्ने चाहने छैनन् । तैपनि परिवर्तन गर्ने बेला यही हो । अहिले भएन भने पछि के होला ? कसो होला ? भन्न सकिँदैन । त्यो गर्नुपूर्व हामीले त्यहाँ केकस्ता कामहरु भए ? भन्ने पनि सम्झनु पर्दछ । एकताका त्यहाँका सरस्वतीको मन्दिर मानिएको पुस्तकालयमा आगो लगाइयो, अध्यापकमाथि खुकुरी प्रहार भयो । अनेक अवान्छित गतिविधि भए । तालाबन्दी र हड्ताल भन्ने कुन बेला हुन्छ ? कसैले भन्न सक्दैन । सामान्य विवादमा पनि बन्द गर्ने रोग नै लागेको थियो ।

काठमाडौं विश्वविद्यालयमा अरु विश्वविद्यालयमा जस्तो राजनीति छैन । राजनीति नभएकाले बन्द हड्ताल त्यहाँ त्यत्ति हुँदैन । त्यसैले त्यहाँको पढाइको स्तर अन्तकोभन्दा विशेष छ । त्यो विशेष भएकाले विदेशका विद्यार्थीहरु पनि त्यहाँ पढ्न आकर्षित हुन्छन् । यस पटकको दीक्षान्त समारोहमा सहभागी विद्यार्थी संख्याले पनि त्यो कुरा देखाएको छ । समारोहमा २ हजार २०९ विद्यार्थी दीक्षित भए । जसमा १७ देशका १ सय ९६ विद्यार्थी पनि दीक्षित भएको विश्वविद्यालयले जनाएको छ । त्यो विश्वविद्यालयमा विदेशी विद्यार्थीहरु पढ्न आउनेक्रम बढ्दो छ । यसलाई उदाहरणका रुपमा लिनु पर्दछ । प्रधानमन्त्री कार्कीले विश्वविद्यालयमा पदेन प्रधानमन्त्री हुने व्यवस्था अन्त्य गर्नुपऱ्यो । तर त्यो काम गर्न ढिलो गर्न हुँदैन भन्नेमा हामी फेरि जोड दिन चाहन्छौं ।

# इन्जिनियरिङ सेवाका कर्मचारीलाई तालिम




*आदर्श समाज*

पोखरा, २५ मंसिर

प्रदेश लोक सेवा आयोग, गण्डकीबाट सिफारिस भइ स्थानीय तहमा कार्यरत् प्राविधिक सेवा इन्जिनियरिङगतर्फका कर्मचारीका लागि सेवा प्रवेश तालिम दिइएको छ ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान आयोजनामा ११ मंसिरदेखि संचालित तालिम बिहीबार सम्पन्न भएको हो ।

प्रतिष्ठानका निर्देशक लक्ष्मण तिमिल्सिनाको अध्यक्षता एवं कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीको प्रमुख आतिथ्यमा भएको भएको समापनमा तिवारीले निजामती सेवाको सान, सेवा प्रवाहमा कुशलता एव पारदर्शिता कायम गर्दै स्थानीय पूर्वधार बिकास निर्माणमा यस्ता तालिम सहयोगी बन्ने कुरा बताए ।

सेवा प्रवेश तालिमका संयोजक, व्यवस्थापक एवम प्रतिष्ठानका प्रशिक्षण तथा अनुसन्धान अधिकृत इन्जिनियर मनोज पौडेलले यो तालिम शुद्ध प्राविधिक कर्मचारी सब-इन्जिनियर, खा.प.स.टे. र असिष्टेन्ट सब-इन्जिनियरका लागि रहेको र प्राविधिक विषयबस्तुसँग सम्बन्धित रही अभ्यासमूलक र फिल्ड बेसमा आधारित भई स्थानीय तहको विकास निर्माण कार्यमा देखिएका समस्यामा केन्द्रित हुँदै विज्ञहरुमार्फत अभ्यासमा आधारित सहजीकरण गरेको बताए । तालिममा २१ जनाले भाग लिएका हुन् ।

तालिमले हाम्रो जीवनमा प्राविधिक रुपमा दक्ष बनाउनुका साथै दिर्घकालीन स्थानीय पूर्वधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने तालिमका सहभागी सन्तुलन नेपालीले जानकारी दिए । लागत अनुमान, दररेट विश्लेषण, इ-बिडिङजस्ता संवेदनशिल बिषयहरुमा प्रत्यक्ष अभ्यास मार्फत र दीर्घकालीन स्थानीय पूर्वधारमा वातावरणीय मूल्यांकन, फोहोरमैला व्यवस्थापन, स्वच्छ खानेपानी, फिल्डमा निर्माण सामग्री छनोट र गुणस्तर कायम जस्ता विषयमा प्रत्यक्षरुपमा सिक्न पाउँदा खुशी लाग्नुका साथै सोचे भन्दा धेरै नै सिप सहित ज्ञान प्राप्त भएको सहभागीको तर्फबाट दीपक खनालले अनुभव साटे ।

प्रतिष्ठानका निर्देशक तिमिल्सिनाले प्राविधिक कर्मचारीहरुको लागि प्राविधिक विषयवस्तुमै आधारित भएर प्रतिष्ठानले पहिलो पटक सहायकस्तरको लागि तालिम सञ्चालन गरेको र यस तालिमले स्थानीय तहमा आउने प्राविधिक समस्यालाई समाधान गर्न सहयोग पुग्ने भन्दै सहभागीहरुलाई बधाइ दिए । कार्यक्रम सञ्चालन संयोजक एवम प्रतिष्ठानका प्रशिक्षण तथा अनुसन्धान अधिकृत इन्जिनियर पौडेलले गरे ।

गत १४ देखि १९ मंसिरसम्म प्रशासनतर्फ ७२ जना र २१ देखि २५ मंसिरसम्म प्राविधिकतर्फ २१ गरी कुल ९३ जना सेवा प्रवेश तालिमबाट दीक्षित भएको प्रतिष्ठानका लेखा अधिकृत प्रशान्त सुवेदीले जानकारी दिए ।

# मानवअधिकारबारे प्रदेशस्तरीय अन्तरक्रिया



*आदर्श समाज*

पोखरा, २५ मंसिर

७७ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस तथा १७ औं मानवअधिकार महाभेला अवसरमा 'मानवअधिकारको सम्मान, सुशासनको सुनिश्चितता, न्यायपूर्ण समृद्ध नेपाल' मूलनाराका साथ प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम पोखरामा सम्पन्न भयो ।

कार्यक्रमको संयोजन मानवअधिकारका लागि महिला, एकल महिला समूह गण्डकी प्रदेशले गरेको थियो ।

सो अवसरमा राष्ट्रिय मानवअधिकार आयोग पोखरा कार्यालय प्रमुख नीतु गर्तौलाले अधिकारसँगै कर्तव्य पूरा गर्नु सबै नागरिकको साझा दायित्व भएको उल्लेख गर्दै, अधिकारकर्मीको भूमिका समाजमा गुणस्तरीय सेवा प्रवाह र व्यवहारमैत्री नेतृत्व निर्माणमा महत्वपूर्ण हुने बताइन् । उनले मानवअधिकार र सुशासनसम्बन्धी छलफल तथा सचेतनामूलक कार्यक्रम ग्रामीण तहसम्म विस्तार गर्नुपर्नेमा जोड दिइन् ।

अधिवक्ता जूनाकुमारी गुरुङले कानूनको शासन र सुशासनका विषयमा, कोपिला नेपालकी कार्यकारी निर्देशक विना शिलवालले लोकतान्त्रिक सिद्धान्त र मानवअधिकारबारे, जेनजीका प्रतिनिधि स्मारक भण्डारी र सजिस बास्तोलाले अन्तरपुस्ता न्यायका विषयमा सहजीकरण गरे ।

एकल महिला समूह कास्की अध्यक्ष जूना केसीले मानवअधिकारको मूलमन्त्र 'स्वतन्त्रता, सम्मान र समानता' भएको जनाउँदै दिगो विकास र शान्तिका लागि महिला सशक्तीकरण अनिवार्य रहेको धारणा राखे ।

कार्यक्रममा गैसस महासंघ केन्द्रीय सदस्य गोपाल खड्का, कास्की अध्यक्ष इन्दिरा पौडेल, इन्सेक पोखरा प्रदेश संयोजक गणेश भण्डारी, संकल्प गण्डकीकी पूर्व अध्यक्ष दुर्गा न्यौपाने, अधिकारकर्मी ईश्वरी बिक, फेडो गण्डकी अध्यक्ष सुमित्रा गायकलगायतले महिला अधिकार, कर्तव्य र सशक्तीकरणमा आआफ्ना विचार व्यक्त गरे ।

मानवअधिकारका लागि महिला, एकल महिला समूह गण्डकी प्रदेशकी अध्यक्ष प्रमिला तझ्याको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष अमृता सिग्देलले स्वागत र प्रादेशिक अधिकृत सवनम शर्माले संचालन गरिन् ।

यसैबीच, 'पीडित तथा सिमान्तकृत महिलाहरूको अवस्था, चुनौती र समसामयिक मुद्दाहरू' विषयक प्रदेशस्तरीय दुईदिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ । सो कार्यशालाबाट चारबुँदे घोषणापत्र जारी भएको समूहका जिल्ला कोषाध्यक्ष मनमाया नेपालीले बताइन् ।


## सन्धिखर्क नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

### नि:शुल्क जग्गा प्राप्त सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०८/२६

सन्धिखर्क नगरपालिकाभित्र उत्पादन हुने फोहरलाई आधुनिक प्रविधिबाट व्यवस्थापन गर्ने कार्यलाई आवश्यक पूर्वाधार निर्माण गर्न जग्गा आवश्यक भएकाले तपसिलमा उल्लिखित शर्त बमोजिम निशुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संघ/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफूले नि:शुल्क उपलब्ध गराउन चाहेको जग्गाको विवरणसहितको सिलबन्दी निवेदन पेस गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. नि:शुल्क उपलब्ध गराइने जग्गाको चारकिल्ला क्षेत्रफल अवस्थिति तथा प्रकृति देहाय बमोजिम हुनुपर्नेछ ।

**देहाय:**

क. जग्गाको क्षेत्रफल कम्तीमा ४ रोपनी देखी १० रोपनीभित्र हुनुपर्नेछ ।
ख. पूर्वमा अलुवा खोला ३ नम्बर वडाभित्र पर्ने सार्वजनिक वन, पश्चिम झिल्केडाँडा, उत्तरमा जनता युवावर्ष रविचित्र माध्यमिक विद्यालय हटारी र दक्षिणमा सन्धिखर्क गोरुसिङ्गे सडकको बिच भागमा रहेको अलुवा खोलाक्षेत्रभित्र पर्ने वडा नं १ र ३ को सिमानामा पर्ने अलुवा खोलाको दायाँवायाँ भागसँग सटेर रहेको चारकिल्लाभित्र अवस्थित जग्गा हुनुपर्नेछ ।
ग. जग्गा मानव बस्तीदेखि टाढा रहेको बाढीपहिरोको जोखिम कम भएको सडक तथा खानेपानीको पहुँच र विद्युत विस्तार गर्न सहज सम्भावना भएको हुनुपर्नेछ ।
घ. निवेदन साथ नि:शुल्क उपलब्ध गराइने जग्गाको स्वामित्व दर्ता प्रमाण पूर्जा तथा जग्गा धनीको नेपाली नागरिकताको प्रमाणपत्र/संघ संस्था भए संस्था दर्ता प्रमाणपत्रको स्व प्रमाणित प्रतिलिपि निवेदन साथ पेस गर्नुपर्नेछ ।
ङ. नि:शुल्क जग्गा उपलब्ध गराउने गरी पेस हुन आएका निवेदनमा उल्लिखित जग्गाहरुमध्ये कुन जग्गा प्राप्ति गर्ने भन्ने सम्बन्धमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम र मान्य हुनेछ ।
च. नि:शुल्क जग्गा उपलब्ध गराउन चाहने जग्गाधनी सन्धिखर्कदेखि बाहिर रहेको हकमा आफ्नो निवेदन सहित आवश्यक कागजात संलग्न राखी तोकिएको समयावधिभित्र नगरपालिकाको Email: info@sandhikharkamun@gmail.com मा पठाउन सक्नेछ ।
छ. निवेदन पेस गर्ने अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट कार्यालय समय भित्र निवेदन पेस गर्न सकिनेछ ।
ज. नि:शुल्क जग्गा उपलब्ध गराउन निवेदन गर्ने जग्गाधनीले निवेदन पेस गरे पश्चात् आफ्नो निवेदन फिर्ता गर्न पाइने छैन ।
झ. यस सम्बन्धमा थप जानकारी लिनु पर्ने भएमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी वा सम्पर्क नम्बर ९८५७०७६१११ र ९८५७०२८९८८ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
पोखरा, कास्की

### करार सेवामा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०८।२६

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा देहाय बमोजिमका पदहरुमा करारमा नियुक्तिको प्रक्रियाबाट पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८२।१०।०३) गते कार्यालय समयभित्र आफूले हासिल गरेको शैक्षिक योग्यता, नागरिकताको प्रतिलिपि र अन्य आवश्यक कागजातसहित यस प्रतिष्ठानको कृषि विकास बैंकमा रहेको Pratisthan Aamdani khata, A/c Number 0316401591248037 मा दरखास्त दस्तुर जम्मा गरी प्रतिष्ठानबाट उपलब्ध हुने दरखास्त फारम खरिद गरी रीतपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| वि. नं. | पद | संख्या | परीक्षाको किसिम | शुल्क | सुविधा |
|---|---|---|---|---|---|
| १ | सह प्राध्यापक (CTVS) | १ | अन्तर्वार्ता | १५०० | प्रतिष्ठानको प्रचलित तलब स्केलअनुसार |
| २ | उप प्राध्यापक (Biochemistry) | १ | | १५०० | |
| ३ | उप प्राध्यापक (Dental Science) | १ | | १५०० | |
| ४ | उप-प्राध्यापक (Community Health Nursing) | २ | | १५०० | |
| ५ | उप-प्राध्यापक (Psychiatry Nursing) | १ | | १५०० | |
| ६ | मेडिकल अधिकृत | ६ | लिखित र अन्तर्वार्ता | १००० | प्रतिष्ठानको प्रचलित तलब स्केल अनुसार |
| ७ | मेडिकल ल्याब टेक्निसियन | ५ | | ५०० | |
| ८ | अथ्थाल्मिक एसिष्टेण्ट | १ | | ५०० | |
| ९ | स्टाफ नर्स | ३० | | ५०० | |

**द्रष्टव्य:**

न्यूनतम् शैक्षिक योग्यता र अन्य थप जानकारीका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको **website www.poahs.edu.np** वा अस्पतालको फेसबुक पेज **Pokhara Academy of Health Sciences, Pokhara** वा अस्पतालको सूचना पाटी हेर्नुहुन अनुरोध छ ।

विदेशमा अध्ययन गरेको हकमा अनिवार्य रुपमा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

लिखित परीक्षा मिति : २०८२।०९।०६ गते आइतबार, बिहान ८:०० बजे

**पदपूर्ति समिति**


## आजको पञ्चांग

**ज्यो. गंगासागर उपाध्याय**
**मोबाइल : ९८५६०४१९२०**
**Youtube : GG TV Nepal**

विसं २०८२ साल मंसिर २६ गते शुक्रबार, तदनुसार इसं २०२५ डिसेम्बर १२ तारिख, सिद्धार्थीनाम संवत्सर, श्रीसूर्यदक्षिणायन, हेमन्त ऋतु । चान्द्रमान अनुसार पौष कृष्ण पक्षको अष्टमी तिथि बेलुका ७:०४ बजेसम्म, त्यसपछि नवमी रहनेछ ।

नक्षत्र : पूर्वफाल्गुनी बिहान ८:५१ बजेसम्म, त्यसपछि उत्तरफाल्गुनी रहनेछ ।

विष्कुंभादी योग : प्रीति बेलुका ४:१४ बजेसम्म, त्यसपछि आयुष्मान् रहनेछ ।

आनन्दादी योग : मुशल ।

करण : बालव बिहान ६:५५ बजेसम्म, त्यसपछि तैतिल रहनेछ ।

श्रीसूर्य : वृश्चिक राशिमा, चन्द्रमा : सिंह राशिमा दिवा ३:०३ बजेसम्म रहनेछ ।

सूर्योदय : ६:४६ बजे, सूर्यास्त : बेलुका ५:०८ बजे हुनेछ ।

(आज : अष्टमीव्रत, गोरखकालीपूजा)

## राशिफल

**मेष** – परिवारजनसँगको रमाइलो जमघट हुनेछ । सत्विचारको उदय हुनेछ । अध्ययनमा उत्कृष्ट नतिजा आउँदा मन खुसी रहनेछ । मध्यान्हपछि सामान्य स्वास्थ्य कमजोरीले सताउन सक्छ, खानपानमा विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

**वृष** – मानसिक चिन्ता, पीरले सताउनेछ । आर्थिक पक्ष कमजोर बन्नेछ । बन्धुवान्धवसँग बोलीकै कराण सम्बन्धमा तिक्तता उत्पन्न हुनेछ । मध्यान्हपछि स्वास्थ्यमा सुधार हुनेछ । आफन्तजनको सहयोग पाइनेछ ।

**मिथुन** – सहमति र सहकार्यको वातावरणले गर्दा सहज तवरले कार्य बन्नेछन् । काम गर्ने जोश जाँगर थपिनेछ । मन मिल्ने व्यक्तिसँगको रमाइलो भ्रमण हुनेछ । मध्यान्हपछि सामान्य कुरामा विवाद बढ्न सक्छ । सतर्क रहनुहोला ।

**कर्कट** – अल्छी गर्ने बानीले पछि परिनेछ । जागरुक रहनु होला । अचल वस्तुमा गरेको लगानीले पछि ठूलो फाइदा दिलाउने छ । सामूहिक कार्यबाट उच्च सम्मान मिल्नेछ । आर्थिक पक्ष बलियो नै रहनेछ ।

**सिंह** – विशिष्ट व्यक्तिसँग संगत रहनेछ । बोलीकै भरमा ठूला कार्य बन्नेछन् । सान्दर्भिक कार्यको आरम्भ गरिनेछ । इमानदारिताको कदर हुनेछ । शृङ्गारिक कार्यमा मन जानेछ । छोटो रमाइलो यात्राको अवसर मिल्नेछ ।

**कन्या** – स्वास्थ्य कमजोर बन्नेछ । दैनिक कामकाजमा पनि समस्या सृजना हुनेछ । हिनताबोधले गर्दा कार्य गर्न मन लाग्ने छैन । अनावश्यक कार्यमा खर्चभार बढ्नेछ । मध्यान्हपछि आर्थिक पक्षमा सुधार आउनेछ ।

**तुला** – नयाँ कार्य योजना रचिने छन् । मायाप्रेमको बन्धन झन् कसिलो बन्नेछ । नयाँ नयाँ वस्तुको उपयोग गर्न पाइनेछ । गुमेको धन हात पर्दा प्रसन्नता बढ्नेछ । मध्यान्हपछि अनावश्यक कार्यमा खर्च बढ्नेछ ।

**वृश्चिक** – काम अनुसारको पदप्रतिष्ठा मिल्नेछ । मान्यजनसँग सहकार्य गर्न पाइनेछ । कार्य क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्न पाइनेछ । घरायसी समस्या हल हुनेछ । आर्थिक पक्ष समेत बलियो बन्नेछ ।

**धनु** – पढाइमा चासो बढ्नेछ । धर्मकर्म एवं परोपकारी कार्यमा अग्रसर भइनेछ । सहयोगीहरुको साथले अपूरा कार्यलाई अघि बढाउन सकिनेछ । व्यवसायमा क्रमश: लाभ मिल्दै जानेछ । गुरुजनको सहयोग पाइनेछ ।

**मकर** – नयाँ कार्यको थालनी गर्दा समस्या देखापर्ने छन् । सामान्य कार्यमा नै समय बित्नेछ । अरुले गरेको गल्तीको परिणाम तपाईँलाई आउनेछ । तर मध्यान्हपछि सत्व्यक्तिको संगत रहनेछ । समस्याहरु हट्नेछन् ।

**कुम्भ** – अन्य दिन विरोध गर्ने व्यक्ति पनि साथसमर्थनमा जुट्नेछन् । नेतृत्वगणसँग निकटता रहनेछ । थालेका अधिकांश कार्य पूरा हुँदा मन हर्षित बन्नेछ । मानसिक शान्तिको अनुभूति हुनेछ । हर्षको खबर मिल्नेछ ।

**मीन** – अघिदेखि रोकिएका अपूरा कार्यलाई पहल गर्दा पूर्ण गर्न सकिनेछ । धेरै कार्यहरु बन्नेछन् । व्यवसायबाट मनग्य नाफा कमाउन सकिनेछ । प्रेमप्रसंग चल्नेछ । नयाँ ठाउँको अवलोकन गर्ने अवसर जुट्नेछ ।

# एनटिभिए प्रवर्द्धन टोली ढोरपाटनमा



**आदर्श समाज**
पोखरा, २५ मंसिर

आन्तरिक पर्यटन प्रवर्द्धनको उद्देश्यका साथ नेपाल पर्यटक यातायात व्यवसायी संघ (एनटिभिए) गण्डकीको प्रवर्द्धन टोली बिहीबार बागलुङको पर्यटकीयस्थल ढोरपाटन पुगेको छ। तीनदिने कार्यक्रमअन्तर्गत ४५ सदस्यीय टोली संघ अध्यक्ष दुर्गादत्त दाहालको नेतृत्वमा भ्रमणमा गएको हो ।

गण्डकीका पर्यटकीय गन्तव्य प्रवर्द्धनसँगै त्यहाँका पर्यटन व्यवसायीबीच आपसमा पर्यटकीय साझेदारी बढाउने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको अध्यक्ष दाहालले बताए ।

यसैबीच, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र एनटिभिए गण्डकीको संयुक्त आयोजनामा बुधबार बागलुङमा कास्की, बाग्लुङ, पर्वत र म्याग्दी जिल्लाका यातायात व्यवसायीलाई पर्यटक आतिथ्यता, पर्यटनमैत्री व्यवहार, यातायात सम्बद्ध ऐन नियम आदिबारे अभिमुखीकरण गराइएको कार्यक्रम संयोजक रविप्रसाद आचार्यले बताए।

प्रवर्द्धन टोलीले ढोरपाटनका पर्यटकीय गन्तव्यसँगै धार्मिक पर्यटकीय महत्वको उत्तरगंगा ढोरबराहलगायत स्थानको स्थलगत अवलोकनसँगै यहाँका पर्यटन व्यवसायीसँग ढोरपाटनका पर्यटकीय सम्भावना, साझेदारी लगायतमा छलफल गरेको उनले बताए ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका वरिष्ठ अधिकृत युवराज गुरुङ पर्यटन क्षेत्रको विकासका लागि गन्तव्यस्थलको प्रवर्द्धन आवश्यक भएको बताउँछन् ।

भ्रमण टोलीमा पर्यटन बोर्ड गण्डकी प्रदेश वरिष्ठ अधिकृत गुरुङ, संघका सल्लाहकार एवं पूर्व अध्यक्ष बोबरजंग गुरुङ, निवर्तमान अध्यक्ष बाबुराम पाण्डे, पोखरेली ट्याक्सी सेवा प्रालि अध्यक्ष शोभाकान्त पौडेल लगायत पर्यटन सम्बद्ध क्षेत्रका व्यवसायी र सञ्चारकर्मी छन् ।

# टेवानद्वारा महिला हिंसा सचेतना



**आदर्श समाज**
पोखरा, २५ मंसिर

पर्यटन व्यवसायी महिला संघ (टेवान) ले आठौं स्थापना दिवस अवसरमा बुधबार महिला हिंसा सचेतना कार्यक्रम गरेको छ। पोखराको पामेमा वनभोजसहित सचेतना कार्यक्रम गरी स्थापना दिवस मनाएको अध्यक्ष शोभा पाण्डेले बताइन् ।

प्रमुख अतिथि नेपाल पर्यटन बोर्डका पोखरा कार्यालय प्रमुख मणिराज लामिछानेले पर्यटन क्षेत्रमा महिला सहभागिता सुनिश्चित गर्दै सुरक्षित वातावरण तयार गर्नुपर्नेमा जोड दिए । अधिवक्ता तारा शर्माले महिला हिंसा न्यूनीकरण गर्न महिलाको पनि उत्तिकै भूमिका हुने बताइन् । 'पुरुषलाई मात्रै गाली गरेर महिला हिंसा अन्त्य हुँदैन,' उनले भनिन्, 'प्राप्त अधिकारको दुरुपयोग होइन, सदुपयोग गर्दैसबै पक्ष मिलेर महिला हिंसा अन्त्य गर्नुपर्छ ।'

टेवानकी संस्थापक अध्यक्ष लक्की कार्की क्षत्रीले संस्थाको गतिविधिले पर्यटनमा महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गर्न योगदान पुऱ्याएको बताइन् । 'महिलामाथि हुने विभेद सहने होइन, उजागर गर्ने हो,' उनले भनिन्, 'महिला हिंसा अन्त्य गर्न पुरुषले पनि साथ दिनुपर्छ ।' टेवान महासचिव शोभा अधिकारी पौडेलले कार्यक्रम सञ्चालन र संयोजक जयादेवी तिवारीले धन्यवाद ज्ञापन गरिन् ।

# हिमालय क्रिकेट एकेडेमी कप सुरु



**पोखरा, २५ मंसिर (आदर्श समाज)-** हिमालय क्रिकेट एकेडेमी कप यु-१६ अन्तरविद्यालय पुरुष टि-२० क्रिकेट प्रतियोगिता पोखरामा बिहीबारदेखि सुरु भयो ।

कास्की जिल्ला क्रिकेट संघको आयोजना, हिमालय क्रिकेट एकेडेमीको प्रायोजन तथा पोखरा महानगरपालिका क्रिकेट संघको संयोजनमा सो प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगिता उद्घाटन गर्दै कास्की जिल्ला खेलकुद विकास समिति अध्यक्ष मिलन गुरुङले क्रिकेट विकासका लागि समितिको तर्फबाट सहयोग गर्ने बताए। उनले विद्यालयस्तरमा आयोजना गर्ने प्रतियोगिताले खेलाडी बन्ने सपनामा साकार पार्न सघाउ पुग्ने विश्वास लिए। कास्की जिल्ला क्रिकेट संघ पूर्व कप्तान रविन्सन प्रजूले हिमालय क्रिकेट एकेडेमीले क्रिकेटलाई लक्षित गरी एकेडेमी सञ्चालनको पूर्व सन्ध्यामा विद्यालयस्तरीय प्रतियोगिता आयोजना गरेर खेलाडीलाई हौसला प्रदान गरेकोमा धन्यवाद दिए ।

कार्यक्रममा कास्की जिल्ला क्रिकेट संघ उपाध्यक्ष दीपेन चन्द, पोखरा महानगरपालिका क्रिकेट संघ अध्यक्ष एवं प्रतियोगिता संयोजक वीरेन्द्र पुनलगायत सहभागी थिए ।

उद्घाटन खेलमा प्रतिभा सेकेण्डरीले हावर्ड एकेडेमीलाई ८३ रनले पराजित गर्न सफल भयो। खेलमा प्लेयर अफ दी म्याच प्रतिभाका दीक्षान्त अर्याल भए ।

अर्को खेलमा रत्नज्योति सेकेण्डरी स्कुल विजयी भयो । रत्नज्योतिले कुमुदिनी होम्सलाई ४ विकेटले हराएको हो । जसमा रत्नज्योतिका प्रमेश गुरुङ प्लेयर अफ दी म्याच भए ।

# कर्जा चुक्ता गर्न आउनेबारे ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति: २०८२/०८/२६

यस संस्थाको तपसिलमा उल्लेखित तपाईंहरूले आफूले सस्थाबाट लिएको कर्जाको साँवा ब्याज भुक्तानी नगरी संस्थाबाट पटक-पटक भएको मौखिक एवं लिखित तरताकेता गर्दा पनि कर्जा भुक्तानीका लागि कुनै पनि पहल नगरी अलटाल गरी आएको हुँदा संस्थामा कर्जा तिर्न/चुक्ता गर्नका लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ ।

उल्लिखित समय अवधिभित्र संस्थामा भुक्तानी गर्नुपर्ने रकम दाखिला हुन नसकिएमा सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, संस्थाको विनियम तथा कर्जा कार्यविधिमा व्यवस्था भए बमोजिम संस्थाबाट गरिएको ऋण सम्झौता बमोजिम तपाईंको नाममा रहेको ऋण सम्पूर्ण असुल-उपर गर्नुपर्ने सहकारीको कानूनी दायित्वअनुसार रोक्का रहेको जग्गा लिलाम बिक्री गरी असुल-उपर गर्न संस्था बाध्य हुनेछ भन्ने जानकारी गराइन्छ ।

संस्थाको कर्जा असुल/उपर गर्ने क्रममा उक्त धितोबाट असुल उपर नभए तपाईको नाममा रहेको एकाघर परिवारको नाममा रहेको अन्य सम्पत्ति समेत रोक्का गरी तपाईंबाट ऋण असुली गर्न सक्ने हक संस्थालाई सुरक्षित रहेको जानकारी गराइन्छ ।

सो प्रक्रिया अनुसार संस्थाको सम्पूर्ण रकम असुल-उपर गर्नुपर्ने हुँदा तोकेको अवधीभित्र भुक्तानी नगरेमा सम्बन्धित ऋणी तथा जमानीहरूलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम, थर र ठेगाना | ऋणीको तस्बिर | जमानीको नाम, थर र ठेगाना |
|---|---|---|
| **१. नाम : राजकुमार सुनार**<br>ना.प.न. ५२५६६<br>ठेगाना : पोखरा-३२, मालमुल<br>बुबाको नाम- दिल बहादुर सुनार |  | **नाम : दिल बहादुर सुनार/ कलावति सुनार**<br>ठेगाना : पोखरा-३२मालमुल |
| **२. नाम : जुना वि.क**<br>ना.प.न- ४५/०१/६९/०४७१९<br>ठेगाना : पोखरा-३२, मालमुल<br>बाबुको नाम- कर्ण बहादुर सुनार<br>पति - श्रीकान्त सुनार |  | **नाम : कृश वि.क**<br>ठेगाना : पोखरा-३२ |
| **३. नाम : सम्झना मगर**<br>ना.प.न- १०२६५<br>ठेगाना : पोखरा-३२, खुदिखोला<br>पति- डोल बहादुर मगर<br>बाबू- हर्क बहादुर कुमाल |  | **नाम : डोल बहादुर मगर**<br>ठेगाना : पोखरा-३२ |
| **४. नाम : विकास गायक**<br>ना.प.न. ४६/३/००२/२४०१<br>ठेगाना : पोखरा-३२, गगनगौंडा<br>बाबू- जिवनाथ गन्धर्व नेपालि |  | **नाम : सहनशिला नेपाली रम्तेल गायक**<br>नाम- विवा गन्धर्व<br>ठेगाना : पोखरा-३२ |

**बाटिका बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-३२, राजाकोचौतारा, कास्की
फोन: ०६१-४१०१०३, ४१००८४, ४१०२१४, ४१०२७०

## ब्याग हरायो

मिति २०८२/०८/२३ गते लेकसाइड घुम्ने क्रममा साइड ब्याग र सो ब्यागभित्र रहेको केही नगद, जापान देशको पोस्ट बैंकको बैक कार्ड र म निवेदक ओमिन गुरुङको जापान सरकारबाट जारी भएको UH75921964EA नम्बरको अस्थायी बसोबास कार्ड (TRC Card) सिम नभएको सामसुङ कम्पनीको M31 मोबाइल थान १ हराएको हुँदा भेटाउनु हुनेले निम्न नं.मा सम्पर्क गरिदिनु होला ।
नाम : ओमित गुरुङ
सम्पर्क : ९८६५४९८८१०


## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति:** २०८२/०८/२६

यस वित्तीय संस्थाको खातावाला कास्की जिल्ला, अन्नपुर्ण गा.पा. वडा नं ११ निवासी श्री लाल बहादुर गुरुङको नाति श्री जगन बहादुर गुरुङ्गको छोरा श्री धनमाया गुरुङ्गको पति श्री इन्द्र बहादुर गुरुङ्गको मिति २०८२/०७/१४ गते निधन भएकाले उहाँको नाममा यस संस्थामा रहेको खाता (क्लाइन्ट कोड नं. ०००६६१५५)मा रहेको सम्पूर्ण रकम भुक्तानी पाउँ भनी निज खातावालाको श्रीमती धनमाया गुरुङ्गले आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त खातावालाको खातामा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस संस्थामा हकदाबी गर्न आउनु होला । निवेदन म्यादभित्र हकदावी नआएमा निवेदकको निवेदन बमोजिम भई जाने छ, पछि कुनै प्रकारको उजुरी लाग्ने छैन भनी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**पोखरा फाइनान्स लिमिटेड**
**POKHARA FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
Since 2053 B.S.
**प्रधान कार्यालय : न्यूरोड, पोखरा-९, कास्की, फोन: ०६१-५४४१३५, ५४४१३६**
**Email: info@pokharafinance.com.np URL: www.pokharafinance.com.np**

eAdarsha.com



## कर्मचारी आवश्यकता

नयाँ अफिसको लागि ५ कर्मचारी आवश्यकता
योग्यता- SEE,+2above
तलब- १०,५०० (३ महिनापछि तलब बढ्नेछ )।
सुबिधा - बोनस र गाडी भाडा
सम्पर्क - 9825126111/9805240858
Whatsapp-9856032351
समय- बिहान १० बजेबाट बेलुका ५ बजेसम्म
नोट -२ जना साधारण पनि।
**स्थान** - पोखरा - ८

## सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बासबारी काठमाडौंका मुटुरोग विशेषज्ञ डाक्टर पोखरामा

**सहिद गंगालाल नेशनल हर्ट सेन्टर काठमाडौंमा कार्यरत मुटुरोग विशेषज्ञ डा. विराट कृष्ण तिमिल्सिना (DM) नियमित रुपमा प्रत्येक महिनाको अन्तिम शनिबार सुन्दरपोखरा फार्मेसी महेन्द्रपुल पोखरामा आउनुहुने भएकोले तपाई र तपाईका आफन्त कोही कसैलाई ब्लड प्रेसर, सुगर, हार्ट-याट्याक भएको, जन्मजात मुटुको समस्या भएका, पेसमेकर (मुटुमा ब्याट्री हालेको) तथा अन्य मुटु सम्बन्धी समस्याले आक्रमक गरिरहेको छ भने वा मुटु सम्बन्धी समस्याबाट बच्न आवश्यकीय सरसल्लाहको आवश्यकता महसुस गर्नुभएको छ भने यही मंसिर २७ गते शनिबार यिनै समस्या सम्बन्धी विशेषज्ञ डाक्टरको सल्लाह अनुसार उपचार गराई स्वास्थ्य लाभ लिनुहुन विशेष अनुरोध गर्दछौं।**

**जाँच्ने समय : यही मंसिर २७ गते, शनिबार बिहान ८ बजेदेखि दिनको ३ बजेसम्म**

**सुन्दरपोखरा फार्मेसी** | महेन्द्रपुल (हुलाक पछाडि) फोन नं. ०६१-५८७२६६, ५५३८३४

## हार्दिक समवेदना



जन्म : वि.सं. २०००/०१/१५
देहावसान : वि.सं. २०८२/०८/२४

**स्व. झटकुमारी रोका**

मंगला गा.पा. ३ बरङ्जा, म्याग्दीका वडा अध्यक्ष याम रोका (साइला) एवं माइला छोरा थम रोकाका ममतामयी आमा तथा यस समाज शिव चौतारी म्याग्दी-पोखरा समाजका संस्थापक सदस्य झटकुमारी रोकाको ८२ वर्षको उमेरमा भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत बनाएको छ । यस दु:खद घडीको आज तेस्रो दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनप्रति भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जयलाल पुन**
अध्यक्ष एवं
**समस्त शिव चौतारी म्याग्दी पोखरा समाज परिवार**

## हार्दिक श्रद्धाञ्जली एवं समवेदना

*भाका, भुल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो ।*
*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।*



जन्म : वि.सं. २०२४/१२/०६
देहावसान : वि.सं. २०८२/०७/२९

**स्व. माता दयानन्द गिरी**

श्री गीता मन्दिर पोखरा-११, रामघाट आश्रम निवासी माता दयानन्द गिरी (नन्दकला कार्की) को अकल्पनीय घटनाबाट २०८२/७/२९ गते स्वर्गारोहण भएको दु:खद घटनाले हामी गीता मन्दिर व्यवस्थापन समिति र आश्रमवासी भक्तहरु सबै मर्माहत भएका छौं । यस दु:खद घडीमा उहाँको आत्माको वैकुण्ठवासहोस् भनी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै हामी लगायत उहाँका परिवारजन, इष्टमित्र सबैलाई यो अपूणीय क्षति भएको दुखद अवस्थामा धैर्यधारण गर्ने क्षमता, भगवती गीता माताले प्रदान गरुन् भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्री गीता मन्दिर व्यवस्थापन समिति एवं आश्रमवासी भक्तहरू**

# पोखरा फाइनान्स लिमिटडको धितो सुरक्षण रहेको चल/अचल सम्पत्तिको लिलाम विक्री सम्बन्धी ७ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८२/०८/२६ गतेको आदर्श समाज राष्ट्रिय दैनिक**

पोखरा फाइनान्स लिमिटेडबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा उपयोग गर्नुहुने तपसिलमा उल्लेखित कर्जावालाहरुले उक्त कर्जाको तिर्नु बुझाउनुपर्ने सांवा, ब्याज र अन्य दै-दस्तुर समेतको रकम कर्जा भुक्तानी तालिका बमोजिम चुक्ता भुक्तानी नगरी कर्जा लिने समयमा यस वित्तीय संस्थासंग भएको सम्झौता शर्तनामा र बन्देजहरुको उल्लंघन गर्नुभएको तथा यस वित्तीय संस्थाको तर्फबाट भाँखा नाघेको कर्जा नियमित तथा चुक्ता भुक्तानी गर्न, गराउन बारम्बार मौखिक तथा लिखित रुपमा तरताकेता साथै कर्जा तिर्न आउनेवारे पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत तिर्नु, बुझाउनु पर्ने सांवा, ब्याज र अन्य दै-दस्तुर रकम समेत समयमा नतिर्नु, नबुझाउनु भएकोले सो कर्जाको धितो सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गर्ने भएकोले यस सुचना प्रकाशित गरिएको छ । यस सूचना प्रकाशित भएको मितिले **७ दिन भित्र** सम्पूर्ण साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेतको रकम यस वित्तीय संस्थामा दाखिला गरी कर्जा चुक्ता भुक्तानी गर्नु गराउनुहुन सम्वन्धित ऋणी तथा सम्बन्धित पक्षहरुलाई यसै सूचनाद्वारा सुचित गरिन्छ । अन्यथा कर्जा असुली गर्ने प्रयोजनको लागि यस वित्तीय संस्थाको नाउमा लेखी, लेखाइदिनुभएको तपसिलमा उल्लेखित धितो सुरक्षण (चल/अचल सम्पत्ति) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, यस वित्तीय संस्थाको कर्जा असुली नीति र अन्य प्रचलित कानुन वमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा ऋणी तथा सम्बन्धित पक्षहरुको नाम समावेश गरी निम्न मिति, समय र स्थानमा धितो संरक्षणको चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्था र परिमाणमा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम विक्री गरिने भएकोले तपसिलमा उल्लेखित सम्पत्ति के कति मुल्यमा खरीद गरी लिने हो सो खुलाइ शिलवन्दी वोलपत्र यस वित्तीय संस्थाको प्रधान कार्यालय/शाखा कार्यालयमा दाखिला गर्नुहुन सम्वन्धित ईच्छुक महानुभावहरु सबैको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**कर्जावालाको नाम र ठेगाना**

| | |
|---|---|
| १) **ऋणीको नाम** | **ओम त्रिनेत्र ढुवानी सेवा प्रा.लि.** |
| **कर्जा शिर्षक** | **हायर पर्चेज कर्जा** |
| फर्म रहेको ठेगाना | अस्ताङ्ग, माछापुच्छ्रे गा.पा वडा नं.-६, कास्की |
| स्थायी लेखा (PAN) नं | ६१००४१०७७ |
| कम्पनी दर्ता नं. | २६६२९६/०७८/०७९ |

**अ.प्राप्त संचालकको नाम र ठेगाना:**

| | |
|---|---|
| **नाम** | **बुद्धि प्रसाद अधिकारी (ना.प्र.नं.१५७, कास्की)** |
| स्थायी ठेगाना | माछापुच्छ्रे गा.पा. वडा नं.-०६, कास्की |
| हालको ठेगाना | प्रगतिनगर, चन्द्रगिरी नगरपालिका-१२, काठमाडौं |
| बाबुको नाम | देवी लाल अधिकारी |
| बाजेको नाम | तुला राम अधिकारी |

**धनजमानीकर्ताको नाम र ठेगाना:**

| | |
|---|---|
| **क) नाम** | **मिरा अधिकारी (ना.प्र.नं.२६८, कास्की)** |
| स्थायी ठेगाना | साविक धिताल गा.वि.स. वडा नं.-०८, कास्की |
| हालको ठेगाना | प्रगतिनगर, चन्द्रगिरी नगरपालिका-१२, काठमाडौं |
| पतिको नाम | बुद्धि प्रसाद अधिकारी |
| ससुराको नाम | देवी लाल अधिकारी |
| ख) **नाम** | **मन्जु अधिकारी (ना.प्र.नं.४६१०४२/१९६, कास्की)** |
| स्थायी ठेगाना | साविक धिताल गा.वि.स. वडा नं.-०८, कास्की |
| हालको ठेगाना | प्रगतिनगर, चन्द्रगिरी नगरपालिका-१२, काठमाडौं |
| बाबुको नाम | बुद्धि प्रसाद अधिकारी |
| हजुरबुबाको नाम | देवी लाल अधिकारी |

**धितो राखिएको सवारी साधनको विवरण:**

| सवारी मोडेल | सवारी दर्ता नं. | इञ्जीन नं. | च्यासिस नं. | बनेको साल |
|---|---|---|---|---|
| TERRA 25 | ग १ क ५७१२ | 12D84524746 | MC2L4GRC0ME008723 | 2021 |
| TERRA 25 | ग १ क ५७१३ | 12D84524931 | MC2L4GRC0ME008722 | 2021 |

**कर्जावालाको नाम र ठेगाना**

| | |
|---|---|
| २) **ऋणीको नाम** | **भुपेन्द्र निमार्ण सेवा** |
| **कर्जा शिर्षक** | **हायर पर्चेज कर्जा** |
| फर्म दर्ता ठेगाना | कोहलपुर न.पा. वडा नं.-०२, बाँके |
| स्थायी लेखा (PAN) नं | ६०८५८३१८७ |
| दर्ता नं. | १४१/५४९९/०७२/०७३ |

**प्रोपाइटरको नाम र ठेगाना:**

| | |
|---|---|
| **नाम** | **प्रेम प्रकाश मल्ल (३४५३१, बर्दिया)** |
| स्थायी ठेगाना | सानोश्री गा.वि.स वडा नं.०८, बर्दिया |
| हालको ठेगाना | कोहलपुर न.पा. वडा नं.०५, बाँके |
| बाबुको नाम | निर बहादुर मल्ल |
| बाजेको नाम | गगन बहादुर मल्ल |

**धनजमानीकर्ताको नाम र ठेगाना:**

| | |
|---|---|
| **क) नाम** | **विष्णु मल्ल (६५१००२/११४५, बर्दिया)** |
| स्थायी ठेगाना | सानोश्री गा.वि.स वडा नं.०८, बर्दिया |
| हालको ठेगाना | कोहलपुर न.पा. वडा नं.०५, बाँके |
| बाबुको नाम | तेज बहादुर हमाल |
| पतिको नाम | प्रेम प्रकाश मल्ल |
| ससुराको नाम | निर बहादुर मल्ल |

**धितो राखिएको सम्पत्ति विवरण:**

| सवारीको किसिम | सवारी दर्ता नं | इञ्जीन नं. | च्यासिस नं. | मोडेल |
|---|---|---|---|---|
| व्यापारिक | भे १ ख ३५२१ | VEDX8* 511554*A1*P | MC2N3GRC0 KL063276 | २०२० |

**धितो राखिएको सम्पत्ति विवरण:**
**धितो दिनेको विवरण: प्रेम प्रकाश मल्ल**

| सि. न. | जिल्ला | गा.वि.स. /न.पा. | वडा नं. | कि. न. | सिट नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १. | बाँके | रझेना | ५ | २७९ | ५ग | १५२.३७ व.मि. |

**लिलाम विक्रीका सर्तहरु:**

१. बोलपत्रको फाराम वित्तीय संस्थाको प्रधान कार्यालय, पोखरा तथा सम्पूर्ण शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिने छ ।
२. शिलवन्दी बोलपत्र मिति २०८२/०९/०३ गते दिनको ४:०० बजे भित्रमा वित्तीय संस्थाको प्रधान कार्यालय, पोखरा वा सम्पूर्ण शाखा कार्यालयहरुमा बुझाउनु पर्नेछ ।
३. बोलपत्रका साथ आफुले सकार गरेको अंकको न्यूनतम १० प्रतिशत वरावरको रकम यस वित्तीय संस्थामा जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्नेछ ।
४. गोप्य बोलपत्र मिति २०८२/०९/०६ गते दिनको ३:३० वजे सम्बन्धित प्रतिनिधिहरुको रोहवरमा यस वित्तीय संस्थाको प्रधान कार्यालय, पोखरामा खोलिनेछ ।
५. गोप्य वोलपत्र स्वीकार भएको मूल्यमा सम्पत्ति सकार गर्नेवालाले ७ दिन भित्र धरौटी रकम वाहेकको बाँकी रकम जम्मा भएपछि लिलाम विक्री भएको सम्पत्ति नामसारीको लागि कारवाही गरिनेछ । लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्च लिलाम सकार गरिलिने व्यक्ति आफैले व्यहोर्नु पर्नेछ ।
६. बोलपत्र फाराम वुझाउने अन्तिम दिन वा गोप्य शिलवन्दी बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा लगत्तै वित्तीय संस्था र सरकारी कार्यालय खुल्ने दिन वोलपत्र वुझ्ने वा खोल्ने सम्वन्धी कार्य गरिनेछ ।
७. गोप्य शिलवन्दी बोलपत्र पेश गर्दा सबै सम्पत्ति (कित्ता) वा कुनै एक कित्ता वा अलग-अलग रुपमा खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।
८. लिलाम विक्री गर्दा असुल गर्नुपर्ने रकम असुलउपर नभएमा ऋणीको अन्य जायजेथा तथा धनजमानी कर्ता समेतबाट असुल उपर गरिनेछ ।
९. लिलाम विक्री हुने सम्पत्ति सम्वन्धी कुनै जानकारी चाहिएमा वा निरीक्षण गर्न चाहेमा वित्तीय संस्थाको प्रधान कार्यालय पोखरामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।
१०. वोलकवोल स्वीकृत गर्ने नगर्ने सम्वन्धमा अन्तिम अधिकार यस वित्तीय संस्थामानै सुरक्षित रहनेछ ।

***नोट: ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो ।***

**पोखरा फाइनान्स लिमिटेड**
**POKHARA FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
Since 2053 B.S.
**प्रधान कार्यालय : न्यूरोड, पोखरा-९, कास्की,**
**फोन: ०६१-५४४१३५, ५४४१३६**
**Email: info@pokharafinance.com.np**
**URL: www.pokharafinance.com.np**

# दुर्गादेवीलाई मातृशोक



**नवलपुर, २५ मंसिर (आदर्श समाज)-** आदर्श समाज राष्ट्रिय दैनिकका व्यवस्थापक दुर्गादेवी बास्तोलालाई मातृशोक परेको छ । उनकी आमा पोखरा-१४, छिनेडाँडा निवासी विष्णुमाया बरालको ९३ वर्षको उमेरमा बिहीबार साँझ चितवनको भरतपुर अस्पतालमा असामयिक निधन भएको हो । उनी श्वासप्रश्वाससम्बन्धी समस्याबाट पीडित थिइन् । उनका एक छोरा कृष्णप्रसाद बराल, एक छोरी दुर्गादेवी बास्तोला एवं नातिनातिना र पनातिनातिना छन् । स्वर्गीय बरालको शुक्रबार दिउँसो १२ बजे गैंडाकोटस्थित आदर्श समाज परिसरबाट शवयात्रासहित देवघाटमा दाहसंस्कार गरिनेछ ।

# अर्बुद रोग निवारण संस्थाको सभा




**आदर्श समाज**
पोखरा, २५ मंसिर

नेपाल अर्बुद रोग निवारण संस्था कास्कीको २५ औं शाखा सभा बिहीबार सम्पन्न भएको छ ।

प्रमुख अतिथि पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले सभाको उद्घाटन गरे । उनले आफ्नो पोखरा वडा नम्बर ९ को कुनै एक क्षेत्र सूर्तिजन्य वा धूमपान निषेधित क्षेत्र घोषणा गर्ने उद्घोष गरे ।

संस्थाका सभापति प्रेमबहादुर भुजेलले भावी कार्ययोजन प्रस्तुत गरे । यस्तै, चिव रघुनाथ अधिकारीले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष कृष्णमान मानन्धरले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देल, पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतम, नेपाल अर्बुद रोग निवारण संस्थाका केन्द्रीय कोषाध्यक्ष एवं शाखाका पूर्व सभापति दिनेशशंकर पालिखे लगायतले बोलेका थिए ।

अर्बुद रोग निवारण संस्थाको केन्द्रीय कार्यालयमा सहयोग गर्ने तथा विभिन्न व्यक्तिहरुलाई सम्मान गरिएको थियो ।

सो अवसरमा शाखाका पूर्व सभापतिहरुलाई सम्मान गरिएको थियो । सम्मानित हुनेमा शाखाका पूर्व सभापतिसमेत रहेका गण्डकी प्रदेश संयोजक रामप्रसाद बस्ताकोटी, शाखाका पूर्व सभापतिहरु सुभाष तभ्र्या, माधवप्रसाद सिग्देल, निवर्तमान सभापति रामचन्द्र थापा छन् । यस्तै, भवनदाता परिवारको तर्फबाट सत्यमान लाभाजूलाई सम्मान गरियो ।

कार्यक्रममा अध्यक्षको आसनबाट संस्थाका सभापति भुजेलले क्यान्सर रोग निवारणका लागि तीन आधार : सचेतना, प्रारम्भिक परीक्षण र समयमै सर्वसुलभ उपचार भने मूलमन्त्रका साथ क्यान्सर रोग निवारणको अभियानमा आफहूरु महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।

कार्यक्रममा स्वागत उपसभापति एवं कार्यक्रम संयोजक डिल्लीप्रसाद शर्मा, संचालन सचिव रघुनाथ अधिकारीले गरे । धन्यवाद ज्ञापन शाखाका उपसभापति नारायण पराजुलीले गरेका थिए ।

संस्थामा हाल १९८ जना आजीवन र ४० जना साधारण सदस्य छन् । पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी संस्थागत सदस्य हो ।

कास्की शाखाले केन्द्रीय भवन निर्माणका लागि १ लाख ५५ हजार ५५५ रुपैयाँ दिएको थियो भने अन्य ७ जना व्यक्तिले नगद सहयोग गरेका थिए ।

# टेनिसको सेमी समीकरण



**आदर्श समाज**
पोखरा, २५ मंसिर

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरामा जारी आईटीएफ जे-३० वर्ल्ड टेनिस टुर सर्किट-२ अन्तर्गत सेमीफाइनल समीकरण पूरा भएको छ ।

नेपाली गर्ल्सतर्फ शिभाली गुरूङ बाहेक अन्य खेलाडीहरु सेमीफाइनलमा स्थान बनाउनबाट चुके । जारी दोस्रो सर्किटमा समेत सिभालीले डबल्सतर्फ समेत उपाधि भिडन्त पक्का गरिन् ।

ब्वाइज सिंगल्स क्वाटरफाइनलमा टिङ-हो याङ (ताइपेई)ले यांशुओ पान (चीन) लाई ६-२, ६-२ ले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरे । चीनका जियालियाङ गुओले भारतका अर्श कठुरिया लाई ६-४, ६-४ ले हराउँदै अन्तिम चारमा स्थान सुरक्षित गरेका छन् भने कोरियाका युल हो जुङले नेपाली खेलाडी प्रणव मानन्धरलाई ६-२, ७-६(४) ले पाखा लगाउँदै अन्तिम चारमा स्थान बनाउन सफल रहे ।

श्रीलंकाका गानुका फर्नान्डोले नेपालका करन बहादुर थापा लाई ६-२, ६-२ ले सहजै पराजित गर्दै सेमिफाइनल यात्रा तय गरे ।

ब्वाइज डबल्स सेमिफाइनलमा भारतका प्रतीक शोरण र अनुज अभिजित तसिलदारको जोडीले कोरियाका क्युंगबिन अन र भारतका दक्ष दीपक पाटीलको जोडीलाई ६-३, ६-४ ले हराउँदै फाइनलमा प्रवेश गरे ।

कोरियाली जोडी ह्योजिन हा र युल हो जुङको जोडीले चीनका जियालियाङ गुओ र जुनलिन सुको जोडीलाई टाइब्रेक खेलमा ६-०, ३-६, (१०-७) ले हराउँदै उपाधि भिडन्त पक्का गरेका छन् ।

'गर्ल्स' सिंगल्स क्वार्टरफाइनलमा नेपाली सिभालीले पोखराको टेनिस कोर्टमा आफ्नो लयलाई कायम राख्दै सेमीफाइनलको यात्रा तय गरेकी छन् । उनले भारतकी जान्हवी ताम्मिनीडीलाई ६-२, ६-१ को सोझो सेटमा पराजित गर्दै सशक्त प्रदर्शनका साथ अन्तिम चारमा स्थान बनाएकी हुन् ।

भारतकी कार्तिका पद्मकुमारले ध्रुती गुन्डुलाई ६-२, ६-१ ले हराइन् भने भारतकी शतक्शिका सहायाकले नेपालकी स्वस्तिका बिष्टलाई १-६, ७-५, ६-३ ले कडा प्रत्युत्तरसहित उल्टो नतिजा निकाल्दै सेमीफाइनलमा स्थान सुरक्षित गरिन् । ताइपेईकी के-चिये सूले नेपालकी सुनिरा थापालाई ६-०, ६-१ ले हराउँदै सेमिफाइनलमा स्थान बनाइन् ।

गर्ल्स डबल्स सेमीफाइनलमा नेपाल शिभाली गुरुङ र ताइपेइकी के-चिये सूको जोडी क्यानडाकी नोरा चौधरी र भारतकी जान्हवी ताम्मिनीडी लाई ६-२, ६-१ ले पराजित गर्दै फाइनलमा प्रवेश गर्दा भारतकी तेजस्वी मानेनी र न्यूजिल्याण्डकी बोइदेही उकिलको जोडीले नेपालकी स्वस्तिका बिष्ट र अमेरिकाकी नाला जोसेफिन मास्कीको जोडीलाई ६-४, ५-७, १०-५ ले हराउँदै उपाधि भिडन्त तय गरे ।

# २० औं कर्नेल जेपी क्रस बास्केटबल



**आदर्श समाज**
पोखरा, २५ मंसिर

कास्की जिल्ला बास्केटबल संघद्वारा पोखरामा २०औं कर्नेल जेपी क्रस अन्तरविद्यालय छात्र तथा छात्रा बास्केटबल प्रतियोगिता भएको छ ।

संघ अध्यक्ष कृष्ण गुरुङको अध्यक्षतामा भएको प्रतियोगिताको उद्घाटन प्रमुख अतिथि कर्नेल जेपी क्रसले गरे । प्रमुख अतिथिले प्रतियोगिताको महत्व, युवा खेलाडीका लागि यसको योगदान र भविष्यका अवसरबारे मन्तव्य व्यक्त गरेका थिए ।

समारोहमा नेपाल बास्केटबल संघका उपाध्यक्ष जमप्रसाद गुरुङ, प्याबसन अध्यक्ष षडानन्द गौतमलगायतले शुभकामना मन्तव्य दिए भने गण्डकी प्रदेश खेलकुद परिषद्का पूर्व उपाध्यक्ष धोजकुमार गुरुङले स्वागत गरे ।

सो अवसरमा पोखरा महानगरपालिकाका खेलकुद विकास समिति अध्यक्ष दीपक गोदार, विभिन्न जिल्ला खेलकुद संघका अध्यक्षहरू, विभिन्न खेलकुद संगठनका सदस्यहरू, विभिन्न विद्यालयका प्रिन्सिपलहरू, खेल प्रशिक्षकहरू, विद्यार्थीहरूलगायतको उपस्थिति थियो । २४ देखि २७ मंसिरसम्म पोखरा रंगशाला बास्केटबल कोर्ट र रामघाट पुन समाजको कोर्टमा हुने प्रतियोगितामा बिहीबारसम्म सबै लिग चरणका खेल पूरा भएको संघ अध्यक्ष कृष्ण गुरुङले बताए ।

लिगका नतिजा आधारमा छनोट टोलीले शुक्रबारदेखि नकआउट राउण्डमा प्रत्यक्ष प्रतिस्पर्धा गर्दै सेमिफाइनलमा प्रवेश गर्नेछन् । फाइनल २७ गते पोखरा रंगशाला बास्केटबल कोर्टमा हुनेछ । प्रतियोगितामा कुल ४३ छात्र तथा छात्रा टोली छन् । दुवैतर्फ प्रथम, दोस्रो र तेस्रोलाई क्रमश: २० हजार, १० हजार ५ हजार नगद तथा ट्रफी पुरस्कार प्रदान गरिनेछ ।

# जेनजी प्रतिनिधिबीचको सम्झौता अनुमोदन

**रासस**
काठमाडौं, २५ मंसिर

मन्त्रिपरिषद्को बैठकले सरकार र जेनजी प्रतिनिधिबीच बुधबार भएको सम्झौता अनुमोदन गरी सम्बन्धित मन्त्रालयबाट उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बिहीबार भएको बैठकले उक्त सम्झौतालाई नेपाल राजपत्रमा अतिरिक्ताङ्कका रुपमा प्रकाशन गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिए । बुधबार प्रधानमन्त्री सुशीला कार्की र जेनजी प्रतिनिधिबीच १० बुँदे सहमति भएको थियो ।

बैठकले गत २३ र २४ भदौको घटनाका सम्बन्धमा छानबिन गर्न गठित जाँचबुझ आयोगको कार्यक्षेत्र विस्तार गर्ने निर्णय गरेको मन्त्री खरेलले बताए । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आयोगमा बयान दिन जाने विषयमा दिएको अभिव्यक्ति सम्बन्धमा सोधिएको प्रश्नमा मन्त्री खरेलले आयोगको कार्यक्षेत्र विस्तार गरिएको र आयोगले आफ्नो काम कानुनबमोजिम गर्ने विश्वास रहेको प्रतिक्रिया दिए ।

बैठकमा जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त भएका सार्वजनिक सम्पति र भौतिक क्षतिको पुन: मूल्यांकन तथा पुन:निर्माण गर्न गठित समितिको प्रतिवेदन प्रधानमन्त्री कार्कीलाई हस्तान्तरण गरिएको थियो ।

# निर्वाचन आयोग प्रतिवेदन पेस

**आदर्श समाज**
पोखरा, २५ मंसिर

निर्वाचन आयोगको प्रतिवेदन गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष पेस गरिएको छ । आयोगका प्रदेश निर्वाचन कार्यालय, गण्डकीका निर्वाचन अधिकारी नारायण ढकालले बिहीबार प्रदेश प्रमुख भट्टलाई आयोगको १९ औं वार्षिक प्रतिवेदन पेस गरेका हुन् ।

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदन पेस भएको हो । प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख भट्टले निर्वाचनको तयारीमा जुटेको आयोगले यस सम्बन्धित कामकारबाही द्रुत गतिमा अघि बढाएको विश्वास व्यक्त गरे ।

प्रदेश निर्वाचन अधिकारी ढकालले २१ फागुनको निर्धारित निर्वाचन तयारीमा आयोग लागिपरेको बताए । निर्वाचन कार्यक्रम प्रकाशन गरी अहिले मतदाता नामावली अद्यावधिक काम भइरहेको बताउँदै उनले आयोग एकै चरणमा निर्वाचन गर्न तयार रहेको उल्लेख गरे ।

उनका अनुसार गण्डकीमा कुल १६ लाख ६२ हजार २४६ मतदाता कायम भएका छन् ।

## जनप्रियको ...

विद्यार्थीलाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो ।

यसैबीच, बिहीबार नै क्याम्पसको २७ औं वार्षिक साधारणसभा तथा दशौं अधिवेशन पनि उद्घाटन भयो । कार्यक्रममा पूर्व अध्यक्ष एवं सल्लाहकार इन्द्रबहादुर कुँवर, कालिका बहुमुखी क्याम्पसका प्रमुख बिरञ्जी गौतम, अखिल क्रान्तिकारीका उत्सव भुसाल, नेपाल विद्यार्थी संघका सुजन भट्टराई, अनेरास्ववियुका प्रमोद रिजाल, प्राज्ञिक विद्यार्थी परिषद्का प्रेम थापालगायतले शुभकामना दिँदै जनप्रियको साख जोगाउन आन्तरिक समस्या समाधान गरी क्याम्पसलाई केन्द्रमा राख्न आग्रह गरे ।

सञ्चालक समिति अध्यक्ष विजुक्छेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सहायक क्याम्पस प्रमुख नवीनराज खनालले गरे ।

यहाँ प्रात: र दिवा सत्रमा गरी ४ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत् छन् । जनप्रियले २०७२ र ०७३ सालमा शिक्षा मन्त्रालयबाट 'उत्कृष्ट सामुदायिक क्याम्पस' को राष्ट्रिय पुरस्कार प्राप्त गरिसकेको छ । विश्वविद्यालय अनुदान आयोगबाट दुईपटक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त गरेकोमा गत वर्ष गण्डकी प्रदेश सरकारले समेत 'प्रदेशकै उत्कृष्ट क्याम्पस' रूपमा पुरस्कृत गरेको पूर्व सञ्चालक समिति सदस्य एवं पत्रकार कृष्ण थापाले बताए ।


## सादर निमन्त्रणा

संगीत प्रशिक्षण केन्द्र पोखराको **१५ औँ अधिवेशन तथा साधारणसभा** हुने भएको हुँदा तपसिल बमोजिमको समय र स्थानमा यहाँको गरिमामय उपस्थितिका लागि सादर निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**
मिति : २०८२ मंसिर २७ गते, शनिबार
उपस्थित समय : बिहान ७:३० बजे
कार्यक्रम शुरु : बिहान ८:०० बजे
स्थान : विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति बहुउद्देश्यीय सभाहल, पोखरा २

**प्रार्थी**
**महोदत्त काफ्ले** — महासचिव
**गौतम बिजुक्छे** — अध्यक्ष

**पुनश्च:** सम्बन्धित सबैलाई निमन्त्रणा पठाइसकिएको छ, कारणवश प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उपस्थित भइदिनुहुन हार्दिक अनुरोध छ ।

## होटल संघ पोखरा नेपालका सदस्यहरुलाई संघको "४३ औं वार्षिक साधारण सभा" सम्बन्धी जानकारी एवम् निमन्त्रणा

होटल संघ पोखरा नेपालको मिति २०८२ मंसिर ८ गते बसेको कार्यसमितिको बैठकको निर्णय अनुसार संघको **"४३ औं वार्षिक साधारण सभा"** मिति २०८२ पौष १ गते (तदनुसार १६ डिसेम्बर, २०२५) का दिन गर्ने निर्णय भए अनुसार सम्पूर्ण सदस्यज्यूहरुलाई वार्षिक साधारण सभासम्बन्धी जानकारी एवम् निमन्त्रणा पत्र सम्बन्धित होटल प्रतिष्ठान एवम् Email मार्फत पठाइ सकिएको छ । कथमकदाचित पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी निम्न मिति, समय र स्थानमा आयोजना गरिएको ४३ औं वार्षिक साधारण सभामा उपस्थित भई दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**
मिति : २०८२ पौष १ गते ।
समय : दिउँसो १:०० बजे ।
स्थान : The Beach Bar & Lodge, Khapaudi

**लक्ष्मण सुवेदी**
**अध्यक्ष**
**होटल संघ पोखरा नेपाल**

## नमूना बचत तथा ऋण सहकारी संस्थाको २६ औँ वार्षिक साधारण सभा तथा दशौँ अधिवेशन सम्बन्धी सूचना

यस नमूना बचत तथा ऋण सहकारी संस्था लि.को २६ औं वार्षिक साधारण सभा तथा दशौं अधिवेशन निम्न मिति, समय र स्थानमा हुन गइरहेको हुँदा सम्पूर्ण सदस्यज्यूहरुलाई विभिन्न माध्यमद्वारा जानकारी पठाइ सकिएको छ । यदि कुनै कारणवश कुनै सदस्यले जानकारी नपाउनु भएको भए यसै सूचनालाई आधार मानी उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति** : २०८२ मंसिर २७ गते, शनिबार
**समय** : बिहान ठीक ८:३० बजे
**स्थान** : होटल माउण्ट कैलाश रिसोर्ट, पोखरा-६, बैदाम, हिमागृह अगाडि
अन्य जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

**नमूना बचत तथा ऋण सहकारी संस्था लि**
पोखरा ८, जाल्पामार्ग, फोन नं ०६१–५८४४११, ९८४९९५६२९१

## हार्दिक समवेदना



**जन्म :** वि.सं. २००८ चैत १५
**देहावसान :** वि.सं. २०८२ मंसिर २२

**स्व. राममाया थापा मगर**

आदर्श समाज राष्ट्रिय दैनिकका संस्थापक सहायक सम्पादक रुद्रबहादुर थापा मगरकी धर्मपत्नी राममाया थापा मगरको ७३ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । यस दु:खद घडीको आज पाँचौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अपण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**आदर्श समाज राष्ट्रिय दैनिक परिवार**
**न्यूरोड, पोखरा**


**प्रकाशक :** आदर्श समाज बहुमुखी प्रकाशन (प्रा.) लि., नयाँसडक, स्ट्रिट नं. ५, पोखरा, फोन: ०६१-५८१२००, ५७१४८४ । E-mail: adrsamaj@gmail.com, www.eAdarsha.com, **प्रबन्ध निर्देशक:** अमृत बाँस्तोला, **प्रधान सम्पादक:** कृष्णप्रसाद बाँस्तोला